# मिति २०७५ साल मंसिर २३ गते बसेको कार्यपालिकाको बैठकको निर्णय

वैठक संख्या ३४

**निर्णय नं. १**

इटहरी उपमहानगपालिका वडा नं. ९ स्थित जुट अनुसन्धान तथा रेशम खेती विकास कार्यक्रमको पूर्वी किनारमा शिलान्यास भएको जनता पार्क निर्माण स्थलमा रहेको डि.भि.एम. स्कुल तथा खेलाडीहरुको प्रतिनिधिहरुसँग वार्ता गरि समस्या समाधानका लागि तपसिल अनुसारको वार्ताटोली गठन गर्ने निर्णय गरियो ।

**शिक्षासँग सम्वन्धित वार्ता टोली**

१.वडाध्यक्ष, वडा नं. ९ श्री भूपेन्द्र बराल - संयोजक
२. वडाध्यक्ष, वडा नं. ४ श्री चन्द्र प्रसाद भट्टराई - सदस्य
३. वडाध्यक्ष, वडा नं. ६ श्री दिपक गौतम - सदस्य
४. वडाध्यक्ष, वडा नं. १० श्री प्रकाश चौधरी - सदस्य
५. वडाध्यक्ष, वडा नं. १३ श्री शिव नारायण चौधरी - सदस्य
६. वडाध्यक्ष, वडा नं. १७ श्री भगवान लाल साहु सुडी - सदस्य
७. बरिष्ट इन्जिनियर श्री अर्जुन कुमार दाहाल - सदस्य सचिव

**खेलकुदसँग सम्वन्धित वार्ता टोली**

१.कार्यपालिका सदस्य श्री विश्व राज धिमाल - संयोजक
२.कार्यपालिका सदस्य श्री गौरीमान परियार - सदस्य
३. वडाध्यक्ष, वडा नं. ११ श्री रुपेश कुमार चौधरी - सदस्य

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका बाट चालु आ.ब. २०७५/७६ मा तपशिल बमोजिमका योजनाहरु संचालनका लागि सडक बोर्ड नेपालमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

१ तुलसीलालमार्ग तालतलैया पानीपिया जाने बाटो
२ लुनामार्ग इटहरी ४

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका निम्न योजनाहरु बहुबर्षिय योजना अर्न्तगत संचालन गर्ने निर्णय गरियो ।

१. रामजानकी मन्दिरबाट जब्दी मेलासम्मको बाटो वडा नं. १६ र १७
२. मझौरा देखि बह्रमपुर सम्मको बाटो वडा नं. १७, १८ र १९
३. भानुमार्ग, भारवीमार्ग र खनार चौकीदेखि उत्तर तर्फको बाटो वडा नं. १२, १३ र १४
४. वडा नं. १० को टावरदेखि १० नं. वडा कार्यालय हुँदै सिम्मरवना सम्म वडा नं. १० र ११
५. मलङ्गबाबामार्ग वडा नं. ५ र ७
६. वडा नं. १ को वडा कार्यालयबाट माझीटोलसम्म

७. लिङ्क रोडको बाकी वडा नं. ७ र ८
८.वडा समितिको कार्यालय भवन वडा नं. २

## निर्णय नं. ४

यस उपमहानगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न, आन्तरिक आयको अभिवृद्धि गर्न, योजना तथा कार्यक्रमको विषयमा आवश्यक परामर्श र सल्लाह उपलब्ध गराउन दिवाकर रेग्मी संयोजक रहेको विज्ञहरुको सल्लाहकार टोलीमा देहाय अनुसारको सदस्य थप गर्ने निर्णय गरियो ।

१. वलराम आचार्य
२. इश्वर भट्टराई
३. हेम घिमिरे
४. शैलेश विष्ट
५. रामचन्द्र अधिकारी
६. ओम कोइराला
७. मणीराम गिरी
८. शुवर्ण थापा
९. रोहीत कार्की
१०. राम प्रसाद चौलागाइँ
११. रोहित प्रसाइँ
१२. हेम कर्ण पौडेल
१३. केशव स्थापित
१४. जुगत नारायण चौधरी
१५. सुभान गिरी
१६. गिता अधिकारी
१७. शिव ढकाल
१८. टिका आत्रेय
१९. गिताश्रेष्ठ
२०.सिताराम मेहेता
२१. नवोदिता चौधरी
२२. राजिब ढुङ्गाना
२३. जीवन पराजुली
२४. महेश बास्तोला
२५. टिका प्रसाद दाहाल
२६. सुमित थापा
२७. राजु के.सी.
२८. राम धामी
२९. दिनेशचन्द्र गिरी
३०.दिलकुमार वन
३१.शंकरलाल चौधरी
३२. बन्नुलाल चौधरी
३३. चुमुकलाल चौधरी
३४. रामकुमार सुव्वा
३५. लालबहादुर श्रेष्ठ
३६. निलम बस्नेत
३७. सर्वध्वज साँवा
३८. रेवती भण्डारी
३९. रेवती घिमिरे
४०. टंक पोखेल
४१. भोला बस्नेत
४२. प्रेम प्रसाद भट्टराई
४३. निर्मल बराल

उक्त विज्ञहरुको सल्लाहकार टोलीबाट संयोजकको संयोजकत्वमा एक सचिवालय गठन गर्न सकिनेछ ।

## निर्णय नं. ५

१ नं. प्रदेश सरकारद्वारा तयार पारिएको विपद व्यवस्थापन सम्वन्धि इटहरी घोषणापत्र अक्षरस पालना गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रत्येक बडामा वृक्षारोपन गर्न वन वातावरण शिर्षकबाट प्रति वडा बाँसको टोकरी बुन्न ज्याला बापत रकम रु ५०,०००/- (अक्षरेपी पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित
८/२४
नि० प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत इटहरी उपमहानगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिने सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७५ को नियम ५ मा उपनियम (४) थप गरी तपसिल बमोजिमको व्यवस्था गर्ने निर्णय गरियो ।

**तपसिल**

उपनियम (४) 'घ' वर्गको फर्म नामसारी, ठाउँसारी र फर्म स्तरोन्नतिका लागि प्राप्त हुन आएका निवेदनमा कारबाही हुँदा उक्त कार्य गर्न उपयुक्त देखिएमा फर्मको नामसारी र ठाउँसारीको लागि रु ५,०००/- (पाँच हजार मात्र) दस्तुर लिने साथै फर्मको स्तर उन्नतिको लागि रु २,०००/- (दुई हजार मात्र) दस्तुर लिने र उक्त दस्तुरहरु आगामी नगर सभाबाट अनुमोदन गर्ने ।

**निर्णय नं. ८**

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ लाई प्रस्तावनामा संशोधन सहित पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकाबाट एक थान शव वहान खरिद गरि रेडक्रस शाखा इटहरीलाई हस्तान्तरण गर्ने, एक थान एम्बुलेन्स खरिद गरि इटहरी अस्पताललाई हस्तान्तरण गर्ने र पकली स्वास्थ्य चौकीको नाममा रहेको एम्बुलेन्स मर्मत संभार गरी संचालन गर्ने निर्णय निर्णय गरियो ।

**निर्णय नं. १०**

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र क्षेत्रीय पुर्नस्थापन केन्द्र इटहरीको भवन नक्सा पास गर्दा लाग्ने दस्तुर छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

हाँसपोसा सामुदायिक वन क्षेत्रमा फोहोर व्यवस्थापन गर्दै आएकोले उक्त सामुदीयक वनलाई रु ९०,०००/- (नब्बे हजार) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

उद्योग बाणिज्य संघ इटहरीको संरचना निर्माण गर्नका लागि रु १५,००,०००/- (पन्ध्र लाखमात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी ६ को संगीत चोकमा विद्युतबत्ती जडान गर्दा भएको खर्च रु १५,०००/- (पन्ध्र हजार) संगित चोक टोल विकास संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १४**

डियर क्लब अफ तरहरा र सगरमाथा युवा क्लब इटहरीलाई खेलकुद शिर्षकबाट प्रति क्लब रु २५,०००/- (पच्चिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

खाद्य गुणस्तर र निर्माण सामाग्रीहरु गुणस्तर मापनका लागि प्रयोगशाला स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

सर सफाई शुल्कमा विनियोजित २०,००,०००/- (वीस लाख मात्र) बाट प्रत्येक वडामा वडा कार्यालय भवन सर सफाईका लागि रु. १,००,०००/- (एक लाख मात्र) रुपैया उपलब्ध गराउने र उक्त रकम मध्ये पहिलो किस्ता बापत रु. ५०,०००/- (पचास हजार मात्र) वडा सचिवलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

२० नं. वडा कार्यालयको प्रशासनिक भवन साघुरो भएको हुँदा कोठा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र वडा नं. ५ को लागि विनियोजन भएको रकम र शहरी स्वास्थ्य केन्द्र इटहरी ८, १४ संचालनको लागि नेपाल सरकारबाट प्राप्त शसर्त बजेट आ.व. २०७५/७६ को नगरसभाबाट स्वीकृत भए बमोजिम स्वास्थ्य शाखाबाट पेश भए बमोजिम break down स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

वडा नं. १८ को बाल मैत्री प्रोफाइल निर्माण गर्न रु १,००,०००/- (एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

वडा नं. १४ को सामाजिक विकास तर्फ विपद् व्यवस्थापन तथा वातावरण शिर्षकमा बिनियोजन भएको रकम २ लाखबाट सोही वडामा सडक पोल बत्ती मर्मत शिर्षकमा १ लाख मर्मत रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

वाल उडान तथा तरहरा बजार व्यवस्थापन गर्नेका लागि अति आवश्यक परेको हुँदा इटहरी २० तरहरा बजार उत्तर वन विभाग कार्यालय उत्तर पानिपिया खोलाले काटेको दक्षिण भित्रको जमिन प्रदेश

सरकार, संघिया सरकार र सम्वन्धित निकायमा आवश्यक पहल गरि सटा भर्ना गर्नु परे सो गरेर उपलब्ध गराउन पत्रचार गर्ने र आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

इटहरी उपमहानगरपालिकाको नगरसभा यहि २०७५ साल पौष मसान्त भित्रमा आयोजना गर्ने निर्णय भयो ।

**निर्णय नं. २३**

नगरका विभिन्न कार्यहरुलाई व्यवस्थित गर्न तपसिल बमोजिमका कार्यविधि तथा ऐनको मसौदा गरी कार्यपालिकाको बैठकमा पेश गर्ने प्रयोजनका लागि काम कार्यवाही अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

(१) जग्गा व्यवस्थापन ऐन

(२) ज़ग्गा एकिकरण (Land Pulling) ऐन

(३) घर बहाल कर संकलन सम्बन्धी कार्यविधि

(४) मूल सडक बाहेकको पटके सवारी तथा पार्किङ्ग शुल्क निर्धारण सम्बन्धी कार्यविधि

(५) कवाडी निकासी कर संकलन गर्ने सम्बन्धी कार्यविधि

**निर्णय नं. २४**

आर्थिक ऐन, २०७५ मा परिमार्जन तथा समायोज़न गर्नु पर्ने बिषयबस्तु एकिन गरी राजश्व परामर्श समितिमा पेश गर्न राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस उपमहानगरपालिकामा रिक्त हुन आएका र सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक तपसिलका पदहरुको पदपुर्ति गर्ने प्रकृया शुरु गर्ने निर्णय गरियो ।

क) फुड टेक्निसियन सेवा करार १ जना

ख) अमिन १ जना

ग) इलेक्ट्रिसियन सव इन्जिनियर १ जना

प्रमाणित

नि० प्रमुख प्रशासकीय अधिकृत